भगवतीमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशित मिति :- २०८३/०६/०६)**

यस कार्यालयको आर्थिक वर्ष २०८३/०८४ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार यस कार्यालय अन्तर्गतका आधारभूत अस्पताल र स्वास्थ्य संस्थाहरु मार्फत वितरण हुने आधारभूत तथा आकस्मिक सेवाको लागि औषधी तथा उपकरणहरु खरिद कार्य शिलबन्दी दरभाउपत्रको माध्यमबाट गराउनु पर्ने भएकोले इजाजतपत्र प्राप्त इच्छुक फर्म वा सप्लायर्सहरुबाट निम्न शर्तहरुको अधिनमा रही E-Bid मार्फत रित पूर्वकको शिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. दरभाउ पत्र फाराम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ औं दिन (२०८३/०६/१३ गते) १० बजेभित्र नवीकरण भएको इजाजतपत्र, आयकर दर्ता र मु.अ.कर दर्ता र आ.व. २०८१/०८२ सम्मको कर चुक्ता भएको प्रमाणपत्रका प्रमाणित प्रतिलिपि संलग्न राखी तपसिलमा उल्लिखित दस्तुर (फिर्ता नहुने गरी) यस कार्यालयको प्रभु बैंक भगवतीमाई शाखामा रहेको आन्तरिक राजस्व खाता नम्बर **१५१०१०९३२८८०००९१** मा रकम जम्मा गरेको बैंक भौचरको स्क्यान कपी समेत दरभाउपत्र साथ पेश गर्नुपर्नेछ ।

२. खरिद भएका दरभाउपत्र प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ औं दिन (२०८३/०६/१३ गते) को **१२.०० बजे** भित्र दर्ता गरी सक्नु पर्नेछ । दर्ता भएका दरभाउपत्रहरु सोही दिनको **२:०० बजे** यस कार्यालयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोलिनेछ । दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्रखोल्न **बाधा पर्ने छैन । दरभाउपत्र खरिद गर्ने वा दाखिला गर्ने अन्तिम दिन बिदा परेमा उक्त कार्यहरु क्रमशः लगती कार्यालय खुलेको दिन हुनेछ ।**

३. दरभाउपत्रका साथ जमानत वापतको तपसिल बमोजिमको रकम प्रभु बैंक भगवतीमाई शाखामा रहेको यस कार्यालयको धरौटी खाता नं. ग ३१ १५१०१०९३२८८०००४१ मा नगदै जम्मा गरेको बैंक भौचरको स्कान कपी वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा राष्ट्रिय वाणिज्य बैंकबाट जारी गरिएको बैंक जमानत पत्र (बिडबण्ड) समेत वा दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति पछि कम्तीमा ७५ दिन म्याद भएको यस कार्यालयको नाममा जारी गरिएको बैंक जमानतपत्र (बिडबण्ड) दरभाउपत्र साथ पेश गर्नु पर्नेछ ।

४. म्याद नाघि आएको, रित नपुगेको र शर्त राखिएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

५. दरभाउपत्र दाताबाट दरभाउ पत्रको उल्लिखित मूल्य परिमाण सूची (BOQ) मा प्रत्येक आइटमको मूल्य अभिवृद्धि कर बाहेकको दररेट भरी नआएमा त्यस्तो दरभाउपत्र उपर कुनै कारवाही हुनेछैन । साथै दरभाउमा अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ । केरमेट भएको रकम सच्याई काटछाँट गरी प्रमाणित भएको हुनुपर्नेछ ।

६. बिल अफ क्वान्टिटीमा उल्लिखित औषधीहरुको परिमाणमा थपघट भएमा दरभाउपत्रदाताले कबोल गरेको दररेटमा उपलब्ध गराउनुपर्नेछ ।

७. आपूर्तिकर्ताले WHO, GMP बाट मान्यता प्राप्त कम्पनीहरुबाट उत्पादित औषधीहरु मात्र आपूर्ति गर्नुपर्नेछ । नेपालमा उत्पादित औषधी बाहेकका कम्पनीहरुबाट उत्पादित औषधी आपूर्ति गर्नु पर्ने भएमा उक्त कम्पनीहरुको WHO, GMP सर्टिफिकेट अनिवार्य पेश गर्नु पर्नेछ ।

८. आपूर्तिकर्ताले आपूर्ति गर्ने औषधीहरु उत्पादन गर्ने कम्पनीको नाम सहितको सूची उल्लेख गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । साथै शिलबन्दी दरभाउपत्र छनौट भएको सप्लायर्सले सम्झौता पूर्व प्रत्येक औषधीको नमूना समेत छुट्टै शिलबन्दी गरी अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । नमूना औषधी पेश नगर्ने सप्लायर्ससँग सम्झौता गरिने छैन ।

९. आपूर्ति गरिने औषधी मान्य अवधि (Expiry Date) स्टोर दाखिला भएको दिनबाट कम्तीमा १८ महिना बाँकी भएको हुनु पर्नेछ । १८ महिना भन्दा कम मान्य अवधि भएको औषधीको हकमा स्टोर दाखिला मितिले ७५ प्रतिशत म्याद बाँकी हुनुपर्नेछ ।

१०. आपूर्ति हुने औषधीहरुको स्ट्रीप र बोतलको प्रत्येक प्याकिङ बाहिर उत्पादन मिति, मान्य अवधि (Expiry Date) तथा ब्याच नं. र **"निःशुल्क स्वास्थ्य कार्यक्रमका लागि"** भनी अनिवार्य रुपमा प्रिन्ट भएको हुनुपर्नेछ ।

११. यस कार्यालयको हितलाई ध्यानमा राखी दरभाउपत्र स्वीकृत गर्ने, नगर्ने वा आंशिक रुपमा स्वीकृत गर्ने वा रद्द गर्ने सबै अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. दरभाउपत्र पेश गर्ने सप्लायर्सहरुले लेटर अफ बिड अनिवार्य रुपमा भर्नुपर्नेछ र आफू यो काम गर्न योग्य छु भनी स्वःघोषणा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

१३. यसमा उल्लेख भएकोमा यसै बमोजिम र यस उल्लेख नभएकोमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ संशोधन सहित र अन्य प्रचलित ऐन कानुन अनुसार हुनेछ ।

१४. अन्य कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र ९८५८०२०७९९ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| BRM/MED/SQ/01/2083/084 | भगवतीमाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक आधारभूत, आकस्मिक तथा निःशुल्क औषधी र उपकरण खरिद तथा सप्लाई कार्य | १,०००.० | ५५,०००.० |

प्रमुख प्रशासकीय अधिकृत

बम बहादुर ... 
प्रमुख प्रशासकीय अधिकृत

भगवतीमाई गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पगनाथ, दैलेख

कर्णाली प्रदेश, नेपाल

## शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

## सूचना नं १/२०८३।०८४

(प्रथम पटक प्रकाशित मिति :- २०८३/०६/०६)

तीमाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय दैलेख यस गाउँपालिका अन्तर्गत देहायको मालसामान सप्लाई कार्य गर्नुपर्ने भएकोले रितपूर्वकको शिलबन्दी उपत्र आह्वान गर्दछ ।

| ठेक्का नं. | कामको विवरण | दरभाउपत्र फाराम दस्तुर रु. | जमानत रकम रु. |
|---|---|---|---|
| M/MED/SQ/ 083/084 | भगवतीमाई गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका लागि आवश्यक आधारभूत, आकस्मिक तथा निःशुल्क औषधी र उपकरण खरिद तथा सप्लाई कार्य | १,०००.० | ५५,०००.० |

उपत्र पेश गर्ने, खोलिने अन्तिम म्याद र बोलपत्र जमानत:

| भाउपत्र पेश गर्ने अन्तिम | | दरभाउपत्र खोलिने | | दरभाउपत्र फाराम खरिदको लागि बैङ्क | | | दरभाउपत्र जमानत दाखिला गर्ने बैङ्क | | | राजस्व शीर्षक |
|---|---|---|---|---|---|---|---|---|---|---|
| मिति | समय | मिति | समय | खाताको नाम | खाता नम्वर | नाम र शाखा | खाताको नाम | खाता नम्वर | नाम र शाखा | |
| ।१३ | १२:०० बजे | २०८३।०७।१३ | १४:०० बजे | GA:1.1 BHAGAWATI MAI GA.PA. ANTARICK RAJASHWO KHATA | 1510109328800091 | PRABHU BANK, BAHAGAWATI MAI BRANCH | GA:3 BHAGAWATIMAI GA.PA. STHANIYA TAHA DHARAUTI KHATA | 1510109328800041 | PRABHU BANK, BAHAGAWATIMAI BRANCH | १४२२९ |

प्रमुख प्रशासकीय अधिकृत